# प्रदेश कार्य सञ्चालन कोष ऐन, २०७५

आन्तरिक मामला तथा कानून मन्त्रालय

बागमती प्रदेश सरकार

## आन्तरिक मामला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

# प्रदेश कार्य सञ्चालन कोष ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५।०९।११

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. १८

**<u>प्रदेश कार्य सञ्चालन कोषको व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** प्रदेश स्तरमा स्थापना र सञ्चालन गरिने कोषलाई मितव्ययी र प्रभावकारी बनाई कोषको कार्य सञ्चालन मार्फत प्रदेश स्तरमा विशेष प्रकृतिका कार्य गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "प्रदेश कार्य सञ्चालन कोष ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएकोप्रदेशकार्यसञ्चालन कोष सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) "प्रदेश" भन्नाले *बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

३. **कोषको स्थापनाः** (१) मन्त्रालयले प्रदेश स्तरमा सम्पादन गर्नु पर्ने कुनै खास प्रकृतिका कार्य सञ्चालन गर्न वा आफ्नो उत्पादन वा सेवा बिक्री गरी आर्जन गर्ने निकायको लागि प्रदेश कार्य सञ्चालन कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा हुनेछः-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार अन्तर्गतको कुनै निकायको सेवा, उत्पादन वा कार्यको बिक्रीबाट प्राप्त रकममध्ये प्रदेश सरकारले उपलब्ध गराएको रकम।

४. **कोष सञ्चालन**: यस ऐन बमोजिम स्थापना र सञ्चालन हुने कोष सम्बन्धी व्यवस्था कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

५. **कोषको खाता सञ्चालनः** (१) कोषको खाता सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयले कुनै सरकारी कारोवार गर्न स्वीकृति प्राप्त भएको "क" वर्गको वाणिज्य बैंकमा खाता खोली सञ्चालन गर्नु पर्नेछ।

(२) कोषको उद्देश्य बमोजिम कार्य सञ्चालन गर्नको लागि कोष खाताबाट खर्च खातामा रकम हस्तान्तरण गरी सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीको दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) कोषको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था कार्यविधिमा उल्लेख गरे बमोजिम हुनेछ।

६. **<u>कोषको हिसाब तथा लेखा</u>**: कोषको सञ्चालन गर्नको निमित्त सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीले कोषको हिसाब तथा लेखा प्रदेश लेखा नियन्त्रक समक्ष पेश गर्नु पर्नेछ।

७. **<u>कोषको रकम दाखिला</u>**: सम्बन्धित मन्त्रालयले कोषको एक आर्थिक वर्ष समाप्त भएपछि बाँकी रहेको मौज्दात रकम अर्को आर्थिक वर्ष शुरु हुँदा प्रदेश कार्यसञ्चालन कोषमा दाखिला गर्नु पर्नेछ।

८. **<u>कोषको रकम सञ्चित कोषमा सार्नु पर्ने</u>:** कोषमा छुट्याइएको रकमको प्रयोजन समाप्त भएपछि बाँकी रकम तीस दिनभित्र सञ्चित कोषमा सार्नु पर्नेछ।

९. **<u>प्रतिवेदन पेश गर्ने</u>:** कोषको प्रगति प्रतिवेदन सम्बन्धित मन्त्रालयले वार्षिक रूपमा राजस्व र व्ययको अनुमान पेश गर्दा साथै पेश गर्नेछ।

१०. **<u>कोषको लेखापरीक्षण</u>:** (१) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुनेछ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

११. **<u>कार्यविधि बनाउने अधिकार</u>:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यकता अनुसार कार्यविधि बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय